केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि. ⁄ नीति ⁄ परिपत्र ⁄ कखग ⁄ १५ ⁄ ०७० ⁄ ७१ मितिः २०७० ⁄ ०८ ⁄ २६

**क,ख र ग वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

विषय : सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था ।

महाशय,

यस बैंकबाट **"क", "ख" र "ग" वर्गको** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकको पहिचान गर्ने सम्बन्धी स्पष्ट कार्यविधि अवलम्वन गर्न र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा लगानी गर्ने कार्य निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को **दफा ७न. तथा ७प.** र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. **नीति, प्रक्रिया र अभ्यास**

(१) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी कार्यको नियन्त्रण एवं निरोपणका लागि इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०६६ र यस निर्देशनले तोके बमोजिम आवश्यक नीति, प्रक्रिया र अभ्यासको तर्जुमा गरी कार्यान्वय गर्नु पर्नेछ ।

(२) उपबुँदा (१) बमोजिमको नीति, प्रक्रिया र अभ्यासमा देहायका विषयमा आवश्यक तथा उपयुक्त व्यवस्था गर्नु पर्नेछः

(क) जोखिममा आधारित प्रक्रिया सहित ग्राहकको ग्राहक पहिचान पद्धति (Customer Due Deligince) लाई आवश्यकता अनुसार लागू गर्ने,

(ख) ग्राहकको अद्यावधिक अभिलेख कायम गर्ने,

(ग) कारोवार तथा अन्य विवरण सुरक्षित राख्ने,

(घ) सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ तथा यस निर्देशनको बुँदा नं.१७ अनुसार वित्तीय जानकारी इकाईमा सीमा सम्वन्धी कारोवार विवरण पठाउने,

(ङ) सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, तथा यस निर्देशनले तोके अनुरुपका शंकास्पद कारोवारको विवरण वित्तीय जानकारी इकाईमा पठाउने, र

(च) यस निर्देशनको पालना गर्न आवश्यक पर्ने आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रणका उपायहरुको तर्जुमा गर्ने ।

(३) नेपाल बाहिर कुनै शाखा वा सहायक कम्पनी मार्फत कारोवार गरी रहेका इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाहरुले यस निर्देशन तथा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्वन्धी प्रचलित कानून तथा नियमहरुलाई त्यस्ता कारोवारका सम्वन्धमा पनि लागू गर्नु पर्नेछ । त्यस्तो स्थानमा रहेका शाखा वा सहायक कम्पनीलाई सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली, २०६६, यस निर्देशनको कार्यान्वयनमा कुनै प्रतिवन्ध वा व्यवधान भएमा सोको जानकारी यस बैंकलाई दिनु पर्नेछ ।

२. **जोखिममा आधारित प्रणालीको प्रयोग गरी ग्राहक पहिचान पद्धति कायम गर्ने**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकको पहिचान एवं मुल्याङ्कनका लागि प्रयोग गर्ने ग्राहक पहिचान पद्धति (Customer Due Diligence) ले देहायका कुराहरु समावेश गर्नु पर्नेछः

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फयाक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(क) ग्राहक र ग्राहकको हिताधिकारीको पहिचान गर्ने,
(ख) ग्राहक र ग्राहकको हिताधिकारीको बारेमा आवश्यक सूचना संकलन गर्ने र आवश्यकता अनुसार ग्राहकको जोखिम विवरण तयार गर्ने,
(ग) नयाँ ग्राहकहरु स्विकार गर्ने नीति लागू गर्ने,
(घ) ग्राहक र ग्राहकको हिताधिकारीको सूचना तथा विवरण नियमितरुपमा अद्यावधिक गर्ने, र
(ङ) ग्राहकको कारोवारको विवरणलाई नियमितरुपमा अनुगमन गर्ने ।

(२) जोखिमका आधारमा अर्थात उच्च जोखिममा रहेका ग्राहकको लागि परिस्कृत (Enhanced Customer Due Diligence) तथा कम जोखिममा रहेका ग्राहकको लागि सामान्य ग्राहक पहिचान पद्धतिको (Simplified Customer Due Diligence) लागू गर्नु पर्नेछ ।

**३. ग्राहकको पहिचान**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले बेनामी तथा काल्पनिक नाममा कुनै पनि खाता खोल्नु वा राख्नु हुदैन ।

(२) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहक तथा हिताधिकारीको वास्तविक परिचय थाहा पाउनु पर्नेछ । ग्राहक भन्नाले देहायका (वा त्यस्तो सम्वन्ध स्थापना गर्न खोज्ने) व्यक्तिहरुलाई जनाउँछः
(क) व्यवसायिक सम्वन्ध भएका,
(ख) एक पटक वा पटके रुपमा यस निर्देशनको बुँदा १७ को उपबुँदा (१) मा तोकिएको सीमा वा सो भन्दा बढी कारोवार गर्ने,
(ग) यस निर्देशनको बुँदा १४ मा उल्लेख भए अनुरुपको विद्युतीय माध्यमबाट स्थानान्तरणको कार्यमा संलग्न, र
(घ) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कारोवार गर्दा कुनै समयमा सो व्यक्ति सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी कार्यमा संलग्न भएको वा हुन सक्ने आंशका रहेको कारोवार वा व्यवसायमा संलग्न भएको ।

(३) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहायका कुनै पनि समयमा ग्राहकको उपयुक्त पहिचान कायम गर्न आवश्यक परिचय लिने र सोको उचित मूल्याङ्कन गर्नु पर्नेछ ।
(क) व्यवसायिक सम्वन्धका लागि अनुरोध गर्दा,
(ख) निश्चत सीमा भित्रको पटके कारोवार गर्दा,
(ग) विद्युतीय माध्यमबाट स्थानान्तरण गर्दा,
(घ) कुनै व्यक्ति संकास्पद कारोवार वा कार्यमा संलग्न भएको पाइएमा, र
(ङ) कुनै व्यक्तिको सम्बन्धमा पहिले नै प्राप्त गरिसकेको पहिचान सम्वन्धी कागजातमा कुनै किसिमको शंका वा दुविधा उत्पन्न भएमा ।

(४) प्राकृतिक व्यक्तिको सम्वन्धमा पहिचान कायम गर्दा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस निर्देशनको अनुसूची – १९.१ मा उल्लेख गरे अनूरुपका कागजात, तथ्याँङ्क, सूचनाहरु प्राप्त गरी सोलाई स्वतन्त्र र भरपर्दो श्रोतबाट पुष्टी गर्नु पर्नेछ ।
तर, सम्बन्धित बैंक तथा वित्तीय संस्थाले पत्याएको र एक वा सबै खातामा गरी बढीमा रु. ५ लाखसम्मको मौज्दात रहने साना बचतकर्ताको नयाँ खाता खोलीदिन यस व्यवस्थाले वाधा पुर्‍याएको मानिने छैन । सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवश्यक ठानेमा त्यस्ता साना बचतकर्तासँग अन्य थप विवरण तथा कागजात माग गर्न सक्नेछ ।

(५) कानूनी व्यक्ति वा संस्थापनाहरुको सम्वन्धमा पहिचान कायम गर्दा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस निर्देशनको अनुसूची – १९.१ मा उल्लेख गरे अनूरुपका कागजात, तथ्याँङ्क, सूचनाहरु प्राप्त गरी त्यसलाई स्वतन्त्र र भरपर्दो श्रोतबाट पुष्टी गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(६) सवै प्राकृतिक तथा कानूनी व्यक्तिको पहिचान स्थापित गर्ने कागजात तथा जानकारीहरुको प्रतिलिपि बुझ्न सकिने किसिमले व्यवस्थित गरी राख्नु पर्नेछ ।

(७) बैंक तथा वित्तीय संस्थाले आफ्नो प्रत्येक कार्यालय/शाखामा अनुसूची - १९.१ बमोजिमको कागजात लगायत अन्य कागजातहरु कार्यान्वयन अधिकृत वा तोकिएको कर्मचारीबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

(८) बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कर्जा प्रवाह गर्दा यसै साथ संलग्न अनुसूची - १९.२ बमोजिमको विवरण अनिवार्य रुपमा लिनु पर्नेछ ।

४. **ग्राहकको हिताधिकारीको निर्धारण**

(१) कुनै ग्राहकले एक वा एक भन्दा वढी हिताधिकारीको लागि कारोवार गरिरहेको कुरा सुनिश्चित गर्नका लागि इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आवश्यक मापदण्डहरु निर्धारण गर्नु पर्नेछ । यदी ग्राहकको हिताधिकारी भएमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले त्यस्ता हिताधिकारीको पहिचानको लागि आफू सन्तुष्ट हुनेगरी आवश्यक सूचना तथा तथ्याँक विभिन्न श्रोतबाट प्राप्त गरी सोको पुष्टि समेत गर्नु पर्नेछ । हिताधिकारीको सम्वन्धमा प्राप्त गरिने सूचना यस निर्देशनको अनुसूची – १९.१ मा तोकिए अनुरुप हुनेछ ।

(२) कानूनद्धारा नियमन गरिएका धितोपत्र बजारमा सुचिकृत पव्लिक लिमिटेड कम्पनी तथा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्वन्धी अन्तरराष्ट्रिय मापदण्ड लागू गरेको मुलुकका कानूनद्धारा नियमन तथा सुपरिवेक्षण गरिएका धितोपत्र बजारमा सूचिकृत भएका विदेशी कम्पनीहरुको हकमा यस निर्देशनको अनुसूची – १९.१ मा उल्लेख भएका कागजात र विवरणका अतिरिक्त अन्य थप जानकारी आवश्यक पर्ने छैन । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले त्यस्तो कम्पनीको रजिष्टर्ड कार्यालय रहेको मुलुकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्वन्धी अन्तरराष्ट्रिय मापदण्ड लागू गरे/नगरेको कुरा Financial Action Task Force (FATF), Asia/Pacific Group on Money Laundering (APG) जस्ता र सोही प्रकारका अन्य क्षेत्रीय संस्थाहरु, International Monetary Fund र World Bank जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुद्धारा आफ्नो वेवसाइटमा प्रकाशित रिपोर्ट तथा विवरणहरुका आधारमा निर्धारण गर्न सक्नेछन् ।

(३) अन्य कानूनी व्यक्तिका सन्दर्भमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले त्यस्तो ग्राहकको वास्तविक धनी वा नियन्त्रणमा राख्ने प्राकृतिक वा कानूनी व्यक्तिको बारेमा देहाय बमोजिमको जानकारी लिनु पर्नेछ :

(क) यसै बुँदाको उपबुँदा (१) को व्यवस्था अनुरुप कुनै कम्पनी, सीमित दायित्व भएको साझेदारी फर्म, वा यस्तै प्रकारको अन्य संस्थाहरुका सम्वन्धमा देहाय बमोजिमका प्रत्येक प्राकृतिक व्यक्तिको विवरण:

(१) दश प्रतिशत वा सोभन्दा वढी शेयर खरिद गरेको वा मतदानको अधिकार प्राप्त गरेको,

(२) कम्पनी, सीमित दायित्व भएको साझेदारी फर्म, वा यस्तै प्रकारको अन्य संस्थाहरुको व्यवस्थापनमा संलग्न,

(३) कानूनी व्यक्तिको नियन्त्रण गर्ने वा नियन्त्रणको अधिकार प्रयोग गर्ने ।

(ख) गुठी वा यस्तै प्रकारका संस्थाका सम्वन्धमा सोको सञ्चालक, ट्रष्टी र हिताधिकारीको पहिचान कायम गर्ने ।

(४) शेयर स्वार्थको अप्रत्यक्ष स्वामित्व देहाय बमोजिम स्थापित गर्नु पर्नेछः

(क) कम्पनी, सीमित दायित्व भएको साझेदारी फर्म, वा यस्तै प्रकारको अन्य संस्था र गुठीले धारण गरेको शेयरमा समानुपातिक रुपमा त्यस्तो संस्थाको शेयरहोल्डर, साझेदार अथवा हिताधिकारी, र

(ख) परिवारको सदस्यले धारण गरेको शेयरको सम्वन्धमा परिवारको प्रत्येक सदस्यले धारण गरेको शेयर (परिवार भन्नाले पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, हजुरबा, हजुरआमा, दाजु भाई, दिदी बहिनी र नाती नातिनालाई जनाउंछ ।)

(५) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्वद्ध सवै सूचनाको तथा जानकारीहरुको प्रतिलिपि बुझ्न सकिने किसिमले व्यवस्थित गरी राख्नु पर्नेछ ।

स्पष्टिकरणः "हिताधिकारी" भन्नाले कुनै ग्राहकको मालिक वा अन्तिमरुपमा नियन्त्रण गर्ने प्राकृतिक व्यक्ति (जसको लाभ हुने गरी कारोवार गरिन्छ सो व्यक्ति) सम्झनु पर्दछ । यो शब्दले कुनै कानूनी व्यक्ति वा संस्थालाई नियन्त्रणमा राख्ने अन्तिम अधिकार प्रयोग गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

५. **ढिला गरी पुष्टी गर्न सकिने**

(१) देहायको अवस्थामा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस निर्देशनको बुँदा नं. ४ अनुसार ग्राहकको विवरण तथा परिचयको पुष्टी केही समय ढिलागरी पनि गर्न सक्नेछन ।

(क) व्यवहारिकरुपमा तुरुन्तै पुष्टी गर्न सम्भव नभएको अवस्थामा जुन समयमा सम्भव छ सो समयमा,

(ख) सामान्य रुपमा व्यवसायको सञ्चालनमा हस्तक्षेप गर्न नमिल्ने समयमा,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी जोखिमलाई प्रभावकारी रुपमा व्यवस्थित गरेको समयमा

(२) ढिलागरी ग्राहकको पहिचान पुष्टी गर्ने अवस्थामा हुन सक्ने जोखिमलाई व्यवस्थित गर्न इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले त्यस्ता ग्राहकले गर्न सक्ने कारोवारको सख्या, रकम र प्रकारमा आवश्यक सीमा वन्देज लगाउन सक्नेछन ।

**(३) उपबुँदा नं. (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले देहायका ग्राहक तथा कारोबारका सम्बन्धमा ग्राहक तथा वास्तविक धनीको पहिचानको सम्पुष्टि पश्चात मात्र खाता खोल्नु वा व्यावसायिक सम्बन्ध कायम गर्नु पर्नेछ :-**

**(क) ग्राहक जोखिमयुक्त वा उच्चपदस्थ व्यक्ति वा त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा सम्बद्ध व्यक्ति भएको देखिएमा, वा**

**(ख) ग्राहकको काम कारबाही शङ्कास्पद देखिएमा ।**

६. **जोखिमको पहिचान, मूल्याङ्कन तथा जोखिम विवरण**

**(१) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले भौगोलिक क्षेत्र, व्यवसाय वा पेशा, कार्यक्षेत्र, ग्राहक, सेवा वा उत्पादन, कारोबार तथा वितरण माध्यम समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको पहिचान तथा मूल्याङ्कन गर्नु पर्नेछ ।**

**(२) जोखिमको पहिचान तथा मूल्याङ्कन गर्दा राष्ट्रिय जोखिम मूल्याङ्कन वा यस बैंकले गरेको जोखिम मूल्याङ्कन समेतलाई आधार बनाउनु पर्नेछ ।**

**(३) जोखिम मूल्याङ्कन गर्दा जोखिमसँग सम्बन्धित सबै पक्षहरुको विश्लेषण गरी जोखिमको स्तर निर्धारण गर्नु पर्नेछ ।**

**(४) उपबुँदा नं. (१) बमोजिम गर्ने जोखिमको मूल्याङ्कन वार्षिक रुपमा गरी यस बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।**

**(५) बैंक तथा वित्तीय संस्थाले यस बुँदा बमोजिम पहिचान भएको जोखिमको स्तर अनुरुप ग्राहक पहिचान, व्यवस्थापन तथा जोखिमको न्यूनिकरण गर्नको लागि आवश्यक पर्ने नीतिगत, कार्यविधिगत तथा नियन्त्रणात्मक व्यवस्था मिलाई त्यस्तो व्यवस्थालाई समय समयमा अद्यावधिक गर्नु पर्नेछ ।**

**(६) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले यस बुँदा बमोजिम मूल्याङ्कन गरेको जोखिमको आधारमा** आफ्ना प्रत्येक ग्राहकमा निहित जोखिमको वर्गीकरण गरी (अत्यधिक जोखिम, मध्यम जोखिम र कम जोखिम) सोही अनुरुप उनीहरुको विवरण तयार गरी राख्नु पर्नेछ । यस्तो विवरणमा यस निर्देशन अनुरुपको ग्राहक पहिचान पद्धति पुरा गर्न सकिने पर्याप्त सूचना तथा जानकारी हुनु पर्नेछ । यस्तो

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



विवरणमा ग्राहक (हिताधिकारी यदि छ भने)को बारेमा पर्याप्त जानकारी लिनुका साथै उक्त ग्राहकले इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थासँग राख्न खोजेको सम्वन्ध र आवश्यक भए रकम तथा सम्पत्तिको श्रोतको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

७. **तेस्रो पक्षको प्रयोग**

(१) यस निर्देशनको पालनको लागि तेस्रो पक्षको प्रयोग गर्ने भएमा सोको जोखिम समेत न्यूनीकरण हुने गरी यस सम्वन्धमा आवश्यक आन्तरिक नीति र प्रक्रिया सहित बैंक तथा वित्तीय संस्थाले तेस्रो पक्षबाट गरिएको ग्राहक पहिचान पद्धतिलाई अवलम्बन गर्न सक्नेछ ।

(२) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र अन्य प्रचलित कानून अन्तरगत यस बैंक वा वित्तीय जानकारी इकाईबाट नियमन गरिने संस्थाहरुबाट भएको ग्राहक पहिचान पद्धतिलाई पनि मान्यता दिन सक्नेछ ।

(३) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले आफू विश्वस्त भएमा यस निर्देशन बमोजिमको ग्राहक पहिचान पद्धति पुरा गर्नु पर्ने गरी नियमनको दायरामा रहेको कुनै गैर आवासिय तेस्रो पक्षले गरेको ग्राहक पहिचान पद्धतिलाई पनि मान्यता दिन सक्नेछ । यसरी मान्यता दिन गैर आवसीय तेस्रो पक्ष सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अन्तरराष्ट्रियस्तरका मापदण्ड अनुरुपका संयन्त्र अन्तरगत, इजाजतपत्र प्राप्त गरेको तथा सुपरिवेक्षण गरिने त्यस्ता मापदण्डको उल्लंघनका कारण कुनै कारवाहीमा नपरेको वा सो सम्वन्धमा कुनै प्रश्न नउठेको र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अन्तरराष्ट्रिय मापदण्डको कार्यान्वयन गरी रहेको स्थानमा हुनु पर्नेछ । यसरी मान्यता दिँदा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निवेदनका सम्वन्धमा प्राप्त सूचना र सम्वन्धित संस्थाले उक्त मुलुकमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अन्तरराष्ट्रिय मापदण्डको कार्यान्वयन गरे/नगरेको निर्धारण गर्नु पर्नेछ ।

(४) तेस्रो पक्षले तयार गरेको विवरणलाई आधार लिँदा प्रत्येक पटक इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्वन्धित संस्थाको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी नीति, प्रक्रिया र यस निर्देशन अनुरुपको ग्राहक पहिचान पद्धति सम्वन्धी सूचना पनि लिनु पर्नेछ । यसरी सम्वन्धित कागजातको प्रतिलिपि लिन नसकिने अवस्थामा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु त्यस्ता ग्राहकको पहिचान सम्वन्धी कागजात तथा अन्य सूचनाको प्रति जति सक्यो छिटो प्राप्त गर्न आवश्यक कदम चाल्नु पर्नेछ र विना कुनै बिलम्व त्यस्तो विवरण लिन सक्ने कुरामा आफू विश्वस्त हुनु पर्नेछ ।

(५) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अन्तरराष्ट्रिय मापदण्डको कार्यान्वयन नगर्ने भनि यस बैंक वा वित्तीय जानकारी इकाईले पहिचान गरेका वा स्वतन्त्र सूचनाहरुको आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अन्तरराष्ट्रिय मापदण्डको कार्यान्वयन नगरेको भनि विश्वास गर्नु पर्ने पर्याप्त आधार र कारण रहेका तेस्रो पक्षले तयार गरेको ग्राहक पहिचान सम्वन्धी विवरणलाई स्वीकार गर्न हुदैन ।

(६) यस निर्देशन अनुरुपको ग्राहक पहिचान पद्धति पुरा गर्नु पर्ने अन्तिम दायित्व सम्वन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको नै हुनेछ ।

८. **नयाँ ग्राहकको स्वीकार**

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस निर्देशन बमोजिम आफ्नो वा हिताधिकारीको परिचय खुलाउन वा पुष्टी हुन नसक्ने वा जोखिम विवरण तयार गर्न पर्याप्त सूचना संकलन गर्न नसकिने कुनै व्यक्तिलाई ग्राहकको रुपमा स्वीकार गर्न हुदैन । यस्तो अवस्थामा वित्तीय जानकारी इकाईले जारी गरेको निर्देशन र यस निर्देशनको बुँदा १९ को उपबुँदा (१) अनुसार शंकास्पद कारोवारको रुपमा लिई सोको विवरण वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



९. **ग्राहकको सूचना निरन्तर रुपमा कायम राख्ने**

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहकहरुको सम्वन्धमा निरन्तर रुपमा आवश्यक सूचना र विवरण संकलन गरी राख्नु पर्नेछ । ग्राहक पहिचान पद्धति (CDD) प्रक्रिया अन्तरगत संकलन गरिएका कागजात, तथ्यांक, वा सूचनाहरु इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले निश्चित समयमा आवश्यक समीक्षा गरी व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

१०. **ग्राहकको कारोवारको निरन्तर रुपमा अनुगमन गर्ने**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ग्राहक **वा वास्तविक धनी**को कारोवार र उनीहरुसँगको सम्वन्धको निरन्तर रुपमा अनुगमन गर्नु पर्नेछ । यस्तो अनुगमनले इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाहरुले पहिचान गरे अनुरुप नै ग्राहकले कारोवार गरे नगरेको कुरा तथा ग्राहकको जोखिम विवरण, आवश्यकता अनुसार रकम वा सम्पत्तिको श्रोत र पहिले नै निर्धारण गरिएको रकम वा कारोवारको सीमा र प्रकार समेतलाई समेट्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सबै जटील कारोवार, आर्थिक र कानूनी उद्देश्य नभएका अस्वाभाविक रुपले ठूला देखिने वा अस्वाभाविक प्रकृतिका कारोवारलाई विषेश निगरानीका साथ हेर्नु पर्नेछ । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस्ता कारोवारको उद्देश्य तथा आधारहरु पत्ता लगाई त्यस्तो जानकारी लिखित रुपमा राख्नु पर्नेछ । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस्तो जानकारी वित्तीय जानकारी इकाई, लेखापरीक्षक एवं अन्य सक्षम निकायले परीक्षण गर्न सक्ने गरी पाँच बर्षसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले कुनै कारोवारलाई आर्थिक र कानूनी उद्देश्य नभएका अस्वाभाविकरुपले ठूला वा अस्वाभाविक प्रकृतिका कारोवार भनी पत्ता लगाई सकेपछि त्यस्तो कारोवारलाई वित्तीय जानकारी इकाईले जारी गरेको निर्देशन र यस निर्देशनको बुँदा १९ को उपबुँदा (१) अनुसार शंकास्पद कारोवारको रुपमा पठाउनु पर्नेछ ।

११. **ग्राहकसँगको सम्वन्धको समाप्ति**

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै नयाँ ग्राहकको वा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लागू हुनु पहिलेका ग्राहकको पनि यस निर्देशन अनुरुपको ग्राहक पहिचान पद्धति सम्पन गर्न नसक्ने अवस्था विद्यमान भएमा ग्राहकसँगको सम्बन्धलाई स्थगित गरी त्यस्तो कारोवारलाई यस निर्देशनको बुँदा नं. १९ को उपबुँदा (१) अनुसार शंकास्पद कारोवारको रुपमा पनि पठाउनु पर्नेछ ।

१२. **उच्च जोखिमयुक्त ग्राहकहरुका लागि परिष्कृत ग्राहक पहिचान पद्धति अवलम्वन गर्ने**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अपराधको उच्च जोखिममा रहेका, उच्च पदस्थ व्यक्ति, राजनीतिक रुपमा प्रभावशाली व्यक्तिहरु (PEPs) र आमने सामने नभई कारोवार गर्ने ग्राहकहरुका लागि परिस्कृत ग्राहक पहिचान पद्धति (Enhanced CDD) अवलम्वन गर्नु पर्नेछ । परिस्कृत ग्राहक पहिचान पद्धति (Enhanced CDD) ले अन्य कुराका अतिरिक्त सम्पत्तिको श्रोत र कारोवार रकमको श्रोतलाई पनि समावेश गर्नु पर्नेछ ।

(२) उच्च जोखिममा रहेका ग्राहकलाई पहिचान प्रक्रियाको हरेक चरणमा परिष्कृत ग्राहक पहिचान पद्धति (Enhanced CDD) लागू गर्नु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तहको माथिल्लो अधिकारीले स्वीकृति नदिएसम्म उच्च जोखिममा रहेका ग्राहकहरुसँग सम्वन्ध स्थापना गर्न हुदैन ।

(४) देहायको आधारमा कुनै ग्राहकलाई उच्च जोखिममा रहेको निर्धारण गर्नु पर्नेछः-

(क) आमने सामने नभइ अन्य तरिकाले सम्वन्ध स्थापना भएको ग्राहक,

(ख) गैर आवासीय, वा त्यस्तो व्यक्तिको राष्ट्रियता, हाल वसोवास रहेको मुलुक वा पहिलेको वसोवास रहेको मुलुक समेतका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अपराधको उच्च जोखिममा रहेको स्थानका ग्राहक,

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अपराधको नियन्त्रणमा उपयुक्त स्तर कायम गर्न नसकेको मुलुक वा क्षेत्रसँग सम्वन्धित,
(घ) राजनीतिक रुपमा प्रभावशाली व्यक्तिहरु (PEPs) वा तिनका परिवारका सदस्य र सम्वन्धित व्यक्तिहरु,
(ङ) धेरै नेटवर्थ भएको, रकम वा सम्पत्तिको श्रोत स्पष्ट नभएको वा निजी बैंकिङ्ग व्यवसायमा संलग्न भएको ग्राहक,
(च) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्वन्धी अपराधमा संलग्न हुन सक्ने शंकास्पद व्यवसायमा संलग्न भएको ग्राहक,
(छ) व्यक्तिगत सम्पत्ति धारण गर्ने साधनको रुपमा रहेको कानूनी व्यक्ति,
(ज) स्पष्ट आर्थिक तथा कानूनी उद्देश्य विना नै जटिल प्रकृतिको स्वामित्व संरचना भएका कानूनी व्यक्ति,
(झ) नोमिनी शेयरहोल्डर वा धारक शेयर भएको कम्पनी,
(ञ) अत्यधिक भ्रष्टाचार रहेको भनि चिनिएको मुलुक वा अन्य आधारमा उच्च जोखिममा रहेको क्षेत्रका ग्राहक, र
(ट) नगदको वढी प्रयोग हुने व्यवसायीक क्षेत्रको कारोवारमा संलग्न भएका ग्राहक ।

(५) यसै बुँदाको उपबुँदा (४) मा उल्लेखित आमने सामने नभई हुने कारोवारले अन्य कुराका अतिरिक्त देहायका कारोवार सम्झनु पर्छः
(क) इन्टरनेटबाट स्थापित सम्वन्ध वा हुलाक मार्फत स्थापित सम्वन्ध वा यस्तै अन्य प्रकारले स्थापित सम्वन्ध,
(ख) इन्टरनेटबाट प्रदान गरिने सेवा तथा कारोवार,
(ग) ब्ट को प्रयोग गरी गरिने कारोवार,
(घ) टेलिफोन बैंकिङ्ग,
(ङ) फ्याक्स वा अन्य यस्तै प्रकारका माध्यमबाट निर्देशन वा निवेदन दिइ भएका कारोवार, र
(च) पहिले नै भुक्तानी गरेका, नविकरण गर्न मिल्ने वा कुनै खातासँग जोडिएका कार्ड मार्फत गरिने रकम निष्कासन वा भुक्तानी सम्वन्धी कारोवार ।

(६) आमने सामने नभई हुने कारोवारमा गरिने परिष्कृत ग्राहक पहिचान पद्धतिमा देहायका विषय समेटनु पर्नेछ :
(क) नोटरी वा अन्य विश्वास योग्य व्यक्तिले प्रमाणित गरेको कागजात,
(ख) प्रत्यक्षरुपमा कारोवार गरिने ग्राहकसँग माग गरिने कागजातका अतिरिक्त थप कागजातको प्राप्ति,
(ग) स्वतन्त्ररुपमा पुष्टि गर्ने वा ग्राहकसँग सम्पर्क स्थापना गर्ने प्रक्रियाको विकास भएको प्रणाली ।

(७) राजनीतिक रुपमा प्रभावशाली व्यक्तिहरु (PEPs) को निर्धारण देहाय बमोजिमको प्रक्रियाबाट गर्नु पर्नेछः-
(क) सम्भावित ग्राहकसँग प्राप्त गरिने सम्वद्ध सूचनाको आधारमा,
(ख) सार्वजनिकरुपमा उपलब्ध सूचनाको आधारमा,
(ग) उपलब्ध भएमा राजनीतिक रुपमा प्रभावशाली व्यक्तिहरु (PEPs) को तथ्याँक (Data Base) मा पहुँच स्थापित गरेर ।

(८) परिष्कृत ग्राहक पहिचान पद्धति प्रयोग गर्दा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले लिङ्ग, वर्ण, रंङ्ग, बैवाहिक सम्वन्ध, धर्म, वा राष्ट्रियताको आधारमा गैर कानूनी भेदभाव हुन नदिने तर्फ आवश्यक शर्तकता अपनाउनु पर्नेछ ।

स्पष्टीकरणः "उच्च पदस्थ व्यक्ति" भन्नाले स्वदेश वा कुनै विदेशी मुलुकमा राजनैतिक, व्यवसायिक, सामाजिक, वित्तीय, प्रशासनिक, व्यापारिक, औद्योगिक क्षेत्रमा उच्च तहमा कार्यरत वा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



कार्य गरिसकेका व्यक्ति, उच्च सार्वजनिक जिम्मेवारीमा रहेका वा रहिसकेका राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री, नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्वमा भएको संस्थाको प्रथम श्रेणी वा सो भन्दा माथिका पदाधिकारी, राजनीतिक दलका नेताहरु, निजी वा सामाजिक क्षेत्रका उच्च पदस्थ पदाधिकारी सम्झनु पर्दछ । यो शब्दले त्यस्ता व्यक्तिका परिवारका सदस्य तथा नजिकका सहयोगी समेतलाई जनाउछ ।

**१३. कम जोखिमयुक्त ग्राहकहरुका लागि सरल ग्राहक पहिचान पद्धति अवलम्वन गर्न सक्ने**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफूले गरेको लिखित जोखिम मूल्याङ्कनका आधारमा कम जोखिम युक्त ग्राहकको सरल ग्राहक पहिचान पद्धति अवलम्वन गर्न सक्नेछन । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस्तो पद्धति अवलम्वन गर्दा आवश्यक पर्ने कागजात र जोखिम निर्धारणका आधारहरु बारेमा यस बैंकबाट माग भई आएमा उपलब्ध गराउनु पर्नेछ ।

(२) सामान्यतया सबै ग्राहकहरुका लागि यस निर्देशनमा उल्लेखित ग्राहक पहिचान पद्धति अवलम्वन गर्नु पर्नेछ । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले गरेको मूल्याङ्कनमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने जोखिम कम रहेको, सम्वन्धित ग्राहक र हिताधिकारीको वारेमा सार्वजनिक रुपमा नै जानकारी उपलब्ध भएको, वा राष्ट्रिय प्रणालीमा उपयुक्त नियन्त्रण र परीक्षणको व्यवस्था रहेको अवस्थामा सरल ग्राहक पहिचान पद्धति अवलम्वन गर्न सकिनेछ ।

(३) जोखिम कम भएका ग्राहक वा कारोवारहरु उदाहरणको रुपमा देहाय बमोजिम रहेका छन:

(क) यस बैंकले सुपरिवेक्षण गर्ने संस्थाहरु

(ख) यस निर्देशनको बुँदा ७ को उपबुँदा (३) मा उल्लेख भए अनुरुप उपयुक्त नियमन र सुपरिवेक्षण अन्तरगत रहेका विदेशी वित्तीय संस्थाहरु,

(ग) नेपाल धितोपत्र बोर्डले नियमन गर्ने स्टक एक्सचेन्जमा सूचिकृत भएको पव्लिक कम्पनी र वित्तीय जानकारी इकाईले स्विकृत गरेका र प्रकाशन (Disclosure) सम्वन्धी उपयुक्त नियमन र सुपरिवेक्षण अन्तरगत रहेका विदेशी स्टक एक्सचेन्जमा सूचिकृत भएका पव्लिक कम्पनीहरु,

(घ) रु १,००,०००/- भन्दा कम वार्षिक कारोवार भएका बचत तथा चल्ती खाताहरु ।

(४) यसै बुँदाको उपबुँदा (३) को खण्ड (ख) र (ग) मा उल्लेख भएका गैर आवासीय तथा विदेशी कम्पनीहरुको हकमा त्यस्ता कम्पनीहरु रहेको स्थान वा मुलुकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्वन्धमा रहेका अन्तरराष्ट्रिय मापदण्डहरुको पालना गरेको हुनु पर्नेछ । इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्वन्धित मुलुकले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्वन्धमा रहेका अन्तरराष्ट्रिय मापदण्डहरुको पालना गरे नगरेको सम्वन्धमा निर्धारण गर्दा नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको सूचि वा प्रतिवेदन, FATF, APG, IMF, World Bank जस्ता निकायहरुका वेवसाइटमा प्रकाशन भएको आधारमा गर्नु पर्नेछ ।

(५) यस बैंकले कुनै मुलुक वा क्षेत्रले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा रहेका अन्तरराष्ट्रिय मापदण्डहरुको पालना नगरेको भनि जानकारी गराएको वा विस्वस्त स्वतन्त्र सूचनाहरुका आधारमा सम्वन्धित इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले नै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्वन्धमा रहेका अन्तरराष्ट्रिय मापदण्डहरुको पालना नगरेको भनि पत्ता लगाएको, वा अन्य कुनै कारणले सो सम्वन्धी जोखिम रहेको भनि शंका गर्नु पर्ने कारण भएका स्थानका ग्राहकको हकमा भने सरल ग्राहक पहिचान पद्धति लागू गर्न हुदैन ।

**१४. विद्युतीय माध्यमबाट गरिने स्थानान्तरण (Wire Transfer) सम्वन्धी नीति र प्रक्रिया**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफूले विद्युतीय माध्यमबाट प्राप्त गर्ने सवै स्थानान्तरणको सम्बन्धमा उत्पत्तिकर्ताको पूर्ण सूचना प्राप्त गर्ने र सोको सत्यता पुष्ट्याई प्राप्त गर्नु पर्नेछ ।

(२) **उत्पत्तिकर्ताको पूर्ण सूचनामा देहायका कुराहरु पर्नेछनः**
  (क) **उत्पत्तिकर्ताको नाम,**
  (ख) **उत्पत्तिकर्ताको खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै सङ्केत नम्बर,**
  (ग) **उत्पत्तिकर्ताको ठेगाना वा सो नभएको अवस्थामा निजको जन्ममिति र जन्मस्थान वा नागरिकता नम्बर वा राष्ट्रिय परिचयपत्र नम्बर वा ग्राहक पहिचान नम्बर,**
  (घ) **हिताधिकारीको नाम तथा खाता नम्बर र खाता नभएको अवस्थामा कारोबार पहिचान हुन सक्ने छुट्टै सङ्केत नम्बर ।**

(३) सीमा वारपार हुने विद्युतीय माध्यमबाट गरिने स्थानान्तरणहरुको सम्वन्धमा आदेश दिने इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले सामुहिक स्थानान्तरण गरिने विप्रेषणको लागि तोकिएका अवस्थाहरुमा बाहेक उत्पत्तिकर्ताको पूर्ण विवरण सहितको सूचना वा भुक्तानी आदेश पठाउनु पर्नेछ ।

(४) स्वदेशी विद्युतीय माध्यमबाट गरिने स्थानान्तरण सम्वन्धमा आदेश दिने संस्थाले देहायका मध्ये कुनै एक समावेश गर्नु पर्नेछ ।
  (क) उत्पत्तिकर्ताको पूर्ण विवरण सहितको सूचना वा भुक्तानी आदेश, वा
  (ख) खाता नम्वर वा खाता नम्वर नभएको ग्राहकको सम्वन्धमा छुट्टै पहिचान नम्वर सहितको सूचना वा भुक्तानी आदेश ।

(५) क्रेडिट कार्ड वा डेबिट कार्ड वा अन्य कुनै किसिमको कार्डहरु मार्फत हुने रकम स्थानान्तरणका सम्बन्धमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले त्यस्ता कार्ड जारी गर्दा अन्य संस्थाहरुद्वारा जारी कार्डहरुमार्फत भुक्तानी गर्दा त्यस्ता कार्डका धारकहरुको पूर्ण सूचना लिइएको हुनु पर्दछ ।

(६) भुक्तानी दिने संस्था वा वित्तीय जानकारी इकाईले माग गरेको तीन कार्यदिन भित्र उत्पत्तिकर्ताको पूर्ण विवरण उपलव्ध गराउन सक्ने अवस्थामा मात्र यसै बुँदाको उपबुँदा (४) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्वन गर्न सकिनेछ ।

(७) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले पठाएको सीमा वारपार सामुहिक विद्युतीय माध्यमबाट गरिने स्थानान्तरणले स्वदेशी विद्युतीय माध्यमबाट गरिने स्थानान्तरण सम्वन्धमा तोकिएका प्रक्रिया पुरा गरेको अवस्थामा यसलाई स्वदेशी विद्युतीय माध्यमबाट गरिने स्थानान्तरण जस्तै गरी गर्न सक्नेछन ।

(८) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले गैर तालिकायुक्त कारोवारहरु जसले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यको जोखिमलाई बढाउने गर्दछन त्यस्तालाई सामुहिक स्थानान्तरण गर्न दिनु हुदैन ।

(९) सम्वद्ध विद्युतीय कारोवारका सम्वन्धमा भुक्तानी प्रक्रियामा संलग्न हुने सवै मध्यस्थ तथा भुक्तानी दिने संस्थाहरुले उत्पत्तिकर्ताको सूचना लिनु पर्नेछ ।

(१०) उत्पत्तिकर्ताको पूर्ण विवरण नभएका विद्युतीय विप्रेषणको भुक्तानी दिने इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले त्यस्तो कारोवारलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्यको जोखिमयुक्त रहेको मान्नु पर्नेछ । यस्तो अवस्थामा सम्वन्धित इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले सव भन्दा पहिले आदेश दिने संस्थाबाट उत्पत्तिकर्ताको सम्वन्धमा छुट विवरण माग गर्नु पर्नेछ । यदि छुट विवरण प्राप्त नभएमा उत्पत्तिकर्ताको पूर्ण विवरणको अभावमा त्यस्तो कारोवारलाई संकास्पद कारोवारको रुपमा लिई सोको विवरण वित्तीय जानकारी इकाईलाई दिनु पर्नेछ । यसका अतिरिक्त इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले त्यस्तो कारोवार गर्न इन्कार पनि

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



गर्न सक्नेछ । उपर्युक्त अवस्थामा भुक्तानी दिने संस्थाले यस निर्देशनको पालना नगर्ने संस्थासँग कारोवार गर्न प्रतिवन्ध लगाउने वा सम्वन्ध समाप्त गर्न पनि सक्नेछ ।

(११) **बैंक तथा वित्तीय संस्थाले ग्राहकको पचहत्तर हजार रुपैयाँ वा सोभन्दा कम मूल्यको वायर स्थानान्तरण गर्दा उपबुँदा नं. (२) को खण्ड (ग) बमोजिमको विवरण वा जानकारी नलिन सक्नेछ ।**

(१२) **पचहत्तर हजार रुपैयाँ वा सोभन्दा बढी रकमको वायर स्थानान्तरण सम्बन्धी कार्य गर्ने बैंक तथा वित्तीय संस्थाले उक्त रकमको भुक्तानी दिँदा हिताधिकारीको सही पहिचान गर्नु पर्नेछ ।**

(१३) **वायर स्थानान्तरण सम्बन्धी कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाले आफ्नो एजेण्टको सम्बन्धमा देहायको व्यवस्था गर्नु पर्नेछ :-**

(क) **सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यक्रम लागू गराउने र सोको पालना भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने,**

(ख) **एजेण्टको अद्यावधिक विवरण तयार गरी सार्वजनिक रुपमा वेबसाइटमा प्रकाशन गर्ने ।**

स्पष्टीकरण:

१. “विद्युतीय माध्यमबाट स्थानान्तरण” भन्नाले विद्युतीय माध्यमको प्रयोग गरी कुनै बैंक वा वित्तीय संस्था मार्फत कुनै व्यक्तिको रकम एक स्थानबाट अर्को स्थानमा पठाउने कार्यलाई सम्झनु पर्दछ । यसरी रकम पठाउने र प्राप्त गर्ने व्यक्ति एउटै वा अलग अलग हुन सक्दछन ।

२. “उत्पत्तिकर्ता” भन्नाले खातावाला वा खाता नभए पनि कुनै बैंक वा वित्तीय संस्थालाई एक स्थानबाट अर्को स्थानमा विद्युतीय माध्यमबाट रकम स्थानान्तरण गर्न अनुरोध गर्ने व्यक्ति सम्झनु पर्दछ ।

**१५. सीमा वारपार करेसपोण्डेन्ट बैकिङ्ग वा यस्तै सम्वन्ध सम्वन्धी नीति र प्रक्रिया**

(१) “क” वर्गका बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका वित्तीय संस्थाहरुले करेसपोण्डेन्ट बैकिङ्ग सम्वन्धमा आवश्यक नीति, प्रक्रिया, तथा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ । करेसपोण्डेन्ट बैकिङ्ग सेवा प्रदान गर्ने बैंक तथा वित्तीय संस्थाहरुले अर्को पक्षले लागू गरेका सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्य सम्वन्धी संयन्त्र प्रभावकारी भए नभएको मूल्याङ्कन गर्नु पर्नेछ । यसका लागि बैंक तथा वित्तीय संस्थाले अर्को पक्षको बारेमा पर्याप्त सूचना लिई उसको व्यवसायको बारेमा बुझ्नु पर्नेछ । सार्वजनिक रुपमा उपलब्ध सूचनाका आधारमा त्यस्तो संस्थाको साख निर्धारण गर्ने, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी नियन्त्रण सम्वन्धी संयन्त्रको सम्वन्धमा अनुसन्धान भएको वा नियमनकारी निकायको कारवाहीमा परे नपरेको समेत एकिन गर्नु पर्नेछ । कुनै बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका वित्तीय संस्थाहरुले करेसपोण्डेन्ट बैकिङ्गको लागि कुनै विदेशी बैंकसँग सम्वन्ध स्थापित गर्दा वा निरन्तरता दिंदा अर्को पक्ष सम्वन्धित अधिकार प्राप्त निकायवाट प्रभावकारी रुपमा सुपरीवेक्षण भइरहेको कुरा निश्चत गर्नु पर्नेछ ।

(२) कुनै बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका वित्तीय संस्थाहरुले आफू दर्ता भएको स्थानमा कार्यालय नरहेको वा कुनै पनि नियमनमा रहेका वित्तीय समूहमा नरहेको कुनै विदेशी बैंकसँग (सेल बैंक जस्ता) करेसपोण्डेन्ट बैकिङ्गको सम्वन्ध स्थापित गर्न वा निरन्तरता दिन हुदैन ।

(३) करेसपोण्डेन्ट बैकिङ्गको लागि कुनै विदेशी बैंकको बारेमा जानकारी लिंदा अन्य कुराहरुका अतिरिक्त सम्वन्धित बैंकको व्यवस्थापन, मुख्य व्यवसायीक क्रियाकलाप रहेको स्थान, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्य नियन्त्रण सम्वन्धी प्रयास, सम्वन्धित मुलुकको नियमन तथा सुपरिवेक्षणको प्रणाली र खाताको उद्देश्य लगायतका विषयमा जानकारी लिनु पर्नेछ ।

(४) बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्य नियन्त्रण सम्वन्धी अन्तरराष्ट्रिय मापदण्डहरुको पालना नगर्ने मुलुकमा दर्ता भएको वा रहेको बैंकसँग करेसपोण्डेन्ट बैकिङ्गको लागि सम्वन्ध स्थापित गर्दा विशेष ध्यान दिनु पर्नेछ । यस्तो आवस्थामा परिस्कृत ग्राहक पहिचान पद्धति अवलम्वन गर्नुका अतिरिक्त

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



त्यस्तो बैंकको मालिक वा हिताधिकारीको बारेमा र उसको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने कार्य नियन्त्रण सम्वन्धी नीति र प्रक्रियाको बारेमा समेत जानकारी लिनु पर्नेछ ।

(५) बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका वित्तीय संस्थाहरुले करेसपोण्डेन्ट खाताहरु मार्फत हुने कारोवारको नियमित अनुगमनका लागि आवश्यक नीति, प्रक्रिया र नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

(६) बैंक तथा राष्ट्रियस्तरका “ख” वर्गका वित्तीय संस्थाहरुले करेसपोण्डेन्ट खाता मार्फत हुने कारोवारमा अर्को पक्षले उसका ग्राहकले नै करेसपोण्डेन्ट खाताहरु (पेयवल थ्रु एकाउन्ट) प्रयोग गर्न पाउने गरी सुविधा दिएको छ भने त्यस्तो अवस्थामा बिशेष शतर्कता अपनाउनु पर्नेछ । यस्तो अवस्थामा अर्को पक्षले आफ्ना ग्राहकको यस निर्देशन बमोजिमको पहिचान पद्धति अवलम्वन गरेको र आफुले मागेका बखत त्यस्तो ग्राहकको विवरण अर्को पक्षबाट प्राप्त हुने कुराको सुनिश्चतता गर्नु पर्नेछ ।

स्पष्टिकरण:

१. “करेस्पोन्डेण्ट बैंकिङ्ग” भन्नाले अर्को बैंकको प्रतिनिधिको रुपमा विदेशमा निक्षेप, भुक्तानी, क्लेयरिङ लगायतका सेवा प्रदान गर्ने कार्यलाई सम्झनु पर्दछ ।

२. “पेएवल थ्रु एकाउन्ट (Payable-through accounts)” भन्नाले तेस्रो पक्षले कारोवार गर्न सक्ने गरी कुनै बैंक वा वित्तीय संस्थामा खोलिएको खाता सम्झनु पर्दछ ।

**१६. अभिलेख सुरक्षित तरिकाले राख्ने**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले स्वदेशी तथा विदेशी सबै कारोवार तथा वित्तीय जानकारी इकाईमा पठाएका यस निर्देशन बमोजिमका शंकास्पद तथा सीमा कारोवारको अभिलेख कारोवार भएको मितिले कम्तिमा पाँचवर्ष (आधिकारिक निकायले तोकेको अवस्थामा सो भन्दा बढी पनि) सम्म सुरक्षित राख्नु पर्नेछ । यो व्यवस्था सम्वन्ध वा कारोवार चालु रहेको वा समाप्त भएको दुवै अवस्थामा लागू हुनेछ ।

(२) प्रत्येक कारोवार पूर्ण पहिचान गर्न सकिने र आवश्यक पर्दा फौजदारी अभियोगमा अभियोजन गर्दा प्रमाणमा लिन सक्ने किसिमले कारोवारको विवरण राख्नु पर्नेछ । त्यस्तो कारोवार विवरणमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ ।

(क) ग्राहकको (हिताधिकारी समेतको) नाम, ठेगाना (पहिचान सम्वन्धी अन्य मध्यस्थद्वारा राखिएको विवरण)

(ख) कारोवारको प्रकृति र मिति,

(ग) प्रयोग भएको मुद्राको प्रकार र मात्रा, र

(घ) कारोवारमा प्रयोग भएको खाता नम्वर र सोको प्रकार ।

**१७. सीमा कारोवार विवरण पठाउनु पर्ने**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले देहायका सीमा भित्रको रुपैयाँ तथा सो वरावरको विदेशी मुद्राको कारोवारको विवरण त्यस्तो कारोवार भएको मितिले १५ दिन भित्र अनुसुची - १९.३ को ढाँचामा वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(क) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा वढी रकमको नगद कारोवार,

(ख) कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. १० लाख वा सो भन्दा वढी रकम बराबरको विदेशी मुद्राको भुक्तानी वा नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरण,

(ग) कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा गरेको रु. ५ लाख वा सो भन्दा वढी रकमको मुद्रा सटही कारोवार ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(२) दश लाख वा सो भन्दा बढीको निक्षेप लिने सम्वन्धमा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले छुटै कार्यविधि तयार गरी सोही अनुरुप सञ्चालन र लेखा राख्ने व्यवस्था गर्नु पर्नेछ । साथै, त्यस्तो कारोवार वा रकमको श्रोत समेत प्राप्त गरी ग्राहक पहिचान विवरणमा समेत अद्यावधिक गरी राख्नु पर्नेछ ।
यस प्रयोजनका लागि ग्राहकको स्वःघोषणा (self declaration) पनि मान्य हुनेछ । साथै, कुनै निक्षेपकर्ताले स्वःघोषणा गर्दा त्यस्तो रकम आतंकवाद, लागु पदार्थको कारोवार, मानव बेचविखन र संगठित अपराध लगायतका अवैध स्रोतबाट आर्जन भएको होइन भनी स्वःघोषणा गरेमा समेत मान्य हुनेछ ।

(३) यदि कुनै कारोवार सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने उद्देश्यले गरिएको भनि कुनै इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थालाई लागेमा त्यस्तो कारोवार माथि उल्लेखित सीमा भन्दा माथिको भए वा नभए पनि यस निर्देशनको बुँदा १९ को उपबुँदा (१) अनुसार शंकास्पद कारोवारको रुपमा वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

(४) यस्ता विवरणहरु वित्तीय जानकारी इकाईले तोके बमोजिम बिद्युतीय वा अन्य माध्यमबाट पठाउन सकिनेछ ।

**१८. विवरण पठाउन छुट**

(१) यस निर्देशनको बुँदा १७ को उपबुँदा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले देहायका सरकारी कार्यालय, संस्था र व्यक्तिहरुले गरेको कारोवारको विवरण वित्तीय जानकारी इकाईमा पठाउन पर्ने छैन ।

(क) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको कार्यालय वा निकायले गरेको कारोवार,
(ख) विशेष ऐन अन्तर्गत स्थापित निकायले गरेका कारोवार,♣
(ग) इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले संस्थागत रुपमा आफै वा अन्य इजाजतपत्र प्राप्त बैंक वित्तीय संस्था वा सरकारी निकायसंग गरेको कारोवार,
(घ) पब्लिक लिमिटेड कम्पनीले अन्य पब्लिक कम्पनी, सरकारी वा अर्ध सरकारी कार्यालय, संघ, संस्था, कम्पनी वा निकाय, विशेष कानून बमोजिम स्थापित निकायसंग गरेको कारोवार,
(ङ) पुनरवीमा व्यवसायको काम कारोवार गर्दा बीमा कम्पनीले गरेको कारोवार,
(च) कुनै इजाजतपत्र प्राप्त बैंक वा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई प्रचलित कानून बमोजिम कर्जा सापटी वा सुबिधा प्रदान गरेको कारोवार,
(छ) संयुक्त राष्ट्र संघ, सो अन्तर्गतका कार्यालय तथा यसका बिशिष्टीकृत निकाय र अन्तरराष्ट्रिय संस्थाहरुले गरेको कारोवार,
(ज) कुनै बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीलाई दिएको सेवा सुबिधा वापतको कारोवार, र
(झ) बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको चेकमार्फत कुनै एक बैंक वा वित्तीय संस्थामा रहेको खाताबाट अर्को बैंक वा वित्तीय संस्थामा रहेको खातामा नेपालभित्र रकम ट्रान्सफर (नगदमा बाहेक) भएको कारोवार ।

(२) बुँदा १८ को उपबुँदा (१) ले प्रदान गरेको छुट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने उद्देश्यले गरिएको भनि आशंका गरेको कारोवारका हकमा लागू हुने छैन । त्यस्ता कारोवारको विवरण वित्तीय जानकारी इकाईले जारी गरेको निर्देशन अनुरुप वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

**१९. शंकास्पद कारोवारको विवरण पठाउने**

♣ यस खण्डको प्रयोजनका लागि विशेष ऐन अन्तर्गत स्थापित निकाय भन्नाले कुनै खास निकाय स्थापना गर्न बनेको ऐन अन्तर्गत स्थापित निकाय सम्झनु पर्छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
# बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को **दफा ७ध** अनुरुप कुनै रकम देहाय बमोजिम रहेको शंका लागेमा वा शंका गर्नु पर्ने पर्याप्त आधार भएमा सोको विवरण वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ ।

(क) सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले तोकेका वा उक्त ऐन अर्न्तगत नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अपराध वा अपराधिक आर्जनसँग जोडिएको वा सम्वन्धित रहेको, वा

(ख) सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले तोके बमोजिम आतंकबाद, आतंकवादी कार्य, आतंकवादी संगठन, वा आतंकवादी कार्यमा लगानीसँग जोडिएको वा सम्वन्धित रहेको, वा

(ग) वित्तीय जानकारी इकाईले जारी गरेको निर्देशनमा तोकिएका आधारमा शंकास्पद देखिएको ।

(२) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले सवै शंकास्पद कारोवार र कारोवारको प्रयास समेतको विवरण वित्तीय जानकारी इकाईमा पठाउनु पर्नेछ । विवरण पठाउने दायित्व अन्य कुनै किसिमले सीमित हुने छैन ।

(३) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले उपबुँदा नं. (१) बमोजिम **शंका लागेको वा शंका गर्नुपर्ने मनासिब आधार भएको तीन दिनभित्र** शंकास्पद कारोवारको विवरण यथाशक्य चाँडो पठाउनु पर्नेछ ।

(४) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले शंकास्पद कारोवारको विवरणमा सवै कारोवारको रकम र सम्वद्ध जानकारी यस बैंकले जारी गरेको निर्देशन अनुरुप पठाउनु पर्नेछ ।

(५) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले शंकास्पद कारोवारको विवरण यस निर्देशनको अनुसूची – १९.४ मा दिइएको ढाँचामा पठाउनु पर्नेछ ।

(६) यस निर्देशन बमोजिमका विवरणहरु नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई, बालुवाटार, काठमाण्डौको ठेगानामा पठाउनु पर्नेछ । यस निर्देशन बमोजिम इमेलबाट समेत पठाउनु पर्ने विवरणहरु वित्तीय जानकारी इकाईको इमेल ठेगाना reportfiu@nrb.org.np मार्फत पठाउनु पर्नेछ । यस सम्बन्धमा थप जानकारी लिनु परेमा उक्त इकाईको फोन नं. ४४१९८०४/४४१९८०५/४४१९८०७ (भ्हत। ४१४/४१७/४१८) फ्याक्सः नं. ४४४१०५१ मा सम्पर्क गर्न सकिने छ ।

स्पष्टीकरण: "अपराधिक आर्जन" भन्नाले कुनै प्रत्यक्ष वा अप्रत्यक्षरुपमा कुनै अपराधिक कार्यबाट प्राप्त भएको सम्पत्ति वा आर्थिक लाभ सम्झनु पर्दछ । साथै यो शब्दले त्यस्तो सम्पत्तिबाट बढे वढाएको वा पूर्ण वा आंशिकरुपले स्वरुप परिवर्तन गरेको सम्पत्तिलाई समेत जनाउँछ ।

## २०. अनाधिकृत व्यक्तिलाई सूचना दिन प्रतिवन्ध र दायित्वबाट संरक्षण

(१) सूचना दिन वा दायित्वबाट संरक्षण गर्ने सम्वन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, सोका सञ्चालक, पदाधिकारी र कर्मचारीहरु ( स्थाई र अस्थाई) कसैले पनि वित्तीय जानकारी इकाईमा पठाएको सीमा कारोवार वा शंकास्पद कारोवार वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्वन्धी अपराधको सम्वन्धमा भएको वा भईरहेको अनुसन्धान वा अन्य सम्वद्ध सूचनाहरु खण्ड (ख) मा उल्लेख भएको अवस्थामा र प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक कुनै पनि किसिमले **ग्राहक वा अन्य कुनै व्यक्तिलाई जानकारी दिनु हुँदैन ।**

(ख) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को कुनै व्यवस्थाको कार्यान्वयन गरिरहेको निकायले माग गरेका बखत त्यस्तो जानकारी प्रकट गर्नु पर्नेछ ।

(ग) कसैले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को कार्यान्वयनको लागि बाहेक शंकास्पद कारोवारको विवरण तयार गर्ने, वित्तीय जानकारी इकाई वा अन्य सरकारी निकायलाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्वन्धी कार्यको बारेमा विवरण पठाउने व्यक्तिको परिचय खुल्न सक्ने कुनै पनि प्रकारले प्रकट गर्न हुदैन ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(घ) कसैले पनि न्यायको प्रयोजनका लागि आवश्यक भएको भनि न्यायधिश वा मुद्दा हेर्ने अधिकारीले प्रकट गर्न आदेश दिएकोमा बाहेक शंकास्पद कारोवारको विवरण वा सोमा समावेश भएका अन्य जानकारी त्यस्तो विवरण तयार गर्ने, त्यस्तो कारोवार सम्पन्न गर्ने, विवरण पठाउने व्यक्तिहरुको परिचय वा परिचय खुल्ने गरी कुनै पनि प्रकट गर्न हुदैन ।

(२) सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियम र यस निर्देशनको व्यवस्था अनुरुप असल नियतले विवरण पठाएको वा जानकारी दिएको कारणले कुनै पनि सूचक संस्था वा त्यसका सञ्चालक, प्रिन्सीपल, पदाधिकारी, साझेदार, पेशागत व्यवसायी वा कर्मचारीलाई बैंकिङ्ग वा अन्य कुनै पनि पेशागत गोप्यता भंग गरेको आरोपमा यस बैंकले कुनै पनि कारवाही गर्ने छैन ।

२१. **आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रण**

(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यस निर्देशनको पालना हुने गरी आवश्यक आन्तरिक नीति, प्रक्रिया तथा नियन्त्रण प्रणालीको तर्जुमा गरी लागू गर्नु पर्नेछ । त्यस्तो प्रणालीमा कम्तिमा सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०६६, यस निर्देशनका व्यवस्थाहरुको कार्यान्वयन गर्ने व्यवस्थापकीय स्तरको कार्यान्वयन अधिकृत नियुक्त गर्ने व्यवस्थाहरु गर्नु पर्नेछ ।

(२) कार्यान्वयन अधिकृत तथा अन्य सम्वद्ध कर्मचारीले ग्राहक पहिचान तथा ग्राहक पहिचान पद्धति अनुरुपका विवरण, कारोवारको विवरण, र अन्य सम्वद्ध जानकारीहरु समयमै प्राप्त गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ । कार्यान्वयन अधिकृतले स्वतन्त्ररुपमा कार्य गर्ने तथा उसको आफ्नो सुपरिवेक्षक भन्दा माथिल्लो तहको अधिकारी वा सञ्चालक समिति वा समान स्तरको अन्य कुनै समिति समक्षको पहुँचलाई सुनिश्चित गर्नु पर्नेछ ।

(३) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले कार्यान्वयन अधिकृतको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्वर, इमेल लगायतका विवरण यस बैंक र वित्तीय जानकारी इकाई समक्ष पठाउनु पर्नेछ । कार्यान्वयन अधिकृतको परिवर्तन वा अन्य विवरणमा परिवर्तन भएमा सोको समेत जानकारी पठाउनु पर्नेछ ।

(४) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले कम्तिमा त्रैमासिक रुपमा सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, सम्पत्ति शुद्धीकरण निवारण नियमावली २०६६, यस निर्देशनका व्यवस्थाहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गर्नु पर्नेछ र अर्धवार्षिक रुपमा समीक्षा प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नु पर्नेछ ।

(५) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी गर्ने सम्वन्धी अपराधको नियन्त्रण सम्वन्धमा आवश्यक सूचनाहरु आपसमा आदान प्रदान गर्नु पर्नेछ ।

(६) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यी नीति, प्रक्रिया तथा नियन्त्रणका संयन्त्रहरुको कार्यान्वयन भए नभएको परीक्षण गर्ने सम्वन्धमा आवश्यक स्रोत तथा स्वतन्त्र लेखापरीक्षण (नमुना परीक्षण समेत) सम्वन्धी व्यवस्था गर्नु पर्नेछ ।

(७) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा हुने लगानी नियन्त्रण गर्न विकसित भईरहेका संयन्त्रहरु र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा प्रयोग भईरहेका तरिका र प्रवृत्तिहरु, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा हुने लगानी सम्वन्धी अपराध नियन्त्रण गर्न बनेका कानूनको कार्यान्वयन गर्न पूरा गर्नु पर्ने दायित्व, ग्राहक पहिचान प्रक्रिया र शंकास्पद कारोवारको विवरण पठाउने तरिका समेतका बारेमा आफ्ना कर्मचारीहरुलाई आवश्यक तालिम एवं जानकारीको व्यवस्था निरन्तर रुपमा गर्नु पर्नेछ ।

(८) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कर्मचारी छनौट गर्दा उपर्युक्त मापदण्ड सहितको छनौट प्रक्रिया अवलम्वन गर्नु पर्नेछ ।

२२. **नयाँ प्रविधिको दुरुपयोग हुन नदिने गरी नीति तथा प्रक्रिया तर्जुमा गरी लागू गर्ने**

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(१) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा हुने लगानी सम्वन्धमा हुन सक्ने प्रविधिको दुरुपयोग रोक्न आवश्यक नीति तथा प्रक्रिया तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको यस्तो नीति तथा प्रक्रियाले आमने सामने नभई हुने व्यवसायीक सम्वन्ध वा कारोवारसँग सम्वन्धित विशेष जोखिमलाई समेत समावेश गर्नु पर्नेछ । यस्तो नीति तथा प्रक्रिया ग्राहकसँग सम्वन्ध स्थापित गर्दा र ग्राहकको मूल्याँकन पद्धति अवलम्वन गरी लागू गर्नु पर्नेछ ।

२३. **शेल बैंक सम्बन्धमा:**

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले शेल बैङ्क वा शेल बैङ्कलाई कारोबार गर्न दिने कुनै पनि वित्तीय वा अन्य संस्थासँग व्यावसायिक सम्बन्ध स्थापना गर्न वा त्यस्तो व्यावसायिक सम्बन्धलाई निरन्तरता दिन हुँदैन ।**

२४. **कारवाही र सजाय**

यस निर्देशनको व्यवस्था कार्यान्वयन नगर्ने इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था र त्यस्तो बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा पदाधिकारीलाई **सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४** तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिमको कारवाही हुनेछ ।

२५. **खारेजी र बचाउ**

(१) यस बैंकबाट यसअघि जारी गरिएका देहायका निर्देशनहरु खारेज गरिएको छ :-

एकीकृत निर्देशन, २०६९ को ग्राहक पहिचान सम्बन्धी व्यवस्था इ.प्रा. निर्देशन नं. १९/०६९ बाट जारी गरिएको निर्देशन तथा सो पश्चात मिति २०७० असारमसान्तसम्म जारी भएका यसै विषयसंग सम्वन्धित सम्पूर्ण निर्देशनहरु ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएका निर्देशन बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

भवदीय,

भाष्करमणि ज्ञवाली
(कार्यकारी निर्देशकं)

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैकिंग कार्यालय
५. ।श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
१२. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१३. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१४. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१५. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१६. श्री नेपाल क्लियरिङ्ग हाउस लि., कमलादी, काठमाडौं ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
# बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची - १९.१

## ग्राहक पहिचान सम्बन्धी व्यवस्था

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि ग्राहकको खाता खोल्दा ग्राहकको प्रकृति अनुसार देहायका विवरण तथा कागजातहरु लिनु पर्नेछ ।

(क) व्यक्तिगत खाता (नेपाली नागरिकको हकमा)

(१) नाम, थर

(२) जन्म मिति

(३) स्थायी ठेगाना:
जिल्ला.............. न.पा. ⁄ गा.वि.स................ वडा नं.... टोल ⁄ गाँउ..........घर नम्बर...........
टेलिफोन नं.................मोवाईल नं....................इमेल ठेगाना.....................

(४) हालको ठेगाना:
जिल्ला.............. न.पा. ⁄ गा.वि.स................ वडा नं.... टोल ⁄ गाँउ..........घर नम्बर...........
टेलिफोन नं.................मोवाईल नं....................इमेल ठेगाना.....................

(५) नागरिकता:
नागरिकता नं.................जारी गर्ने जिल्ला....................... जारी मिति...............

(६) पासपोर्ट:
पासपोर्ट नं.................जारी गर्ने जिल्ला....................... जारी मिति...............

(७) परिचयपत्रको हकमा:
परिचयपत्रको किसिम ...... परिचयपत्र नं...... .जारी गर्ने निकाय........... जारी मिति...............

(८) स्थायी लेखा नम्वर:

(९) एकाघर परिवारका सदस्यहरुको विवरण:

| क्र.सं | नाता | नाम, थर |
|---|---|---|
| १. | पति ⁄ पत्नि | |
| २. | बाबु | |
| ३. | आमा | |
| ४. | **बाजे** | |
| ५. | छोरा | |
| ६. | छोरी | |
| ७. | बुहारी (छोराको श्रीमति) | |
| ८. | ससुरा (विवाहित महिलाको हकमा) | |

(१०) संलग्न रहेको पेशा ⁄ व्यवसाय:
(तीन वटा भन्दा बढी संस्थामा संलग्न भएमा छुट्टै विवरण पेश गर्न सकिने)

| क्र.सं | संस्थाको नाम | ठेगाना | पद | अनुमानित वार्षिक आम्दानी ⁄ पारिश्रमिक |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | | | | |

(११) निवेदकले संलग्न गनुपर्ने कागजातहरुः

(अ) नागरिकता वा राहदानी वा स्थायी लेखा नम्बरको प्रमाणपत्र वा सरकारी, सार्वजनिक संस्था तथा संगठीत संस्थाका नेपाली कर्मचारीको हकमा निजको कर्मचारी परिचयपत्र वा नेपाल सरकारबाट अनुदानप्राप्त विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका कर्मचारी, शिक्षक वा प्राध्यापकको हकमा निजको कर्मचारी/शिक्षक/प्राध्यापक परिचयपत्रको छविचित्र

(आ) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो

(१२) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**स्पष्टिकरणः**

(१) घर नं., टेलिफोन नं., मोवाइल नं., इमेल ठेगाना, पासपोर्ट, पेशा व्यवसाय, स्थायी लेखा नम्वर जस्ता विवरणहरु नभएका निवेदकको हकमा त्यस्ता विवरण उल्लेख गर्न अनिवार्य हुने छैन । तर सो विवरणहरु आफुसँग नरहेको व्यहोरा स्वघोषणा गराउनु पर्नेछ ।

(२) यस निर्देशन बमोजिम परिष्कृत ग्राहक पहिचान पद्धति (Enhanced CDD) अपनाउनु पर्ने ग्राहकहरुको हकमा भने एकाघर परिवारका जिवित सदस्यहरुको नागरिताको छविचित्र अनिवार्य रुपमा लिनु पर्नेछ ।

(३) शरणार्थीको हकमा नागरिकताको सट्टा नेपाल सरकार वा अन्य आधिकारिक निकायले दिएको परिचय पत्रको छविचित्रलाई आधार लिन सकिनेछ ।

**(ख) साझेदारी वा व्यक्तिगत फर्मको खाता**

(१) फर्मको नाम

(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं.)

(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना

(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति

(५) स्थायी लेखा नम्बर

(६) कारोवारको किसिम

(७) कार्यक्षेत्र

(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(९) वार्षिक अनुमानित कारोवार रकम

(१०) प्रोप्राइटर, साझेदार र खाता संचालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)

(११) प्रोप्राइटर, साझेदार र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र

(१२) लेखापरीक्षण हुने फर्मको हकमा पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण । नहुने फर्मको हकमा लेखापरीक्षण नहुने व्यहोरा प्रोप्राइटर, साझेदारबाट स्वघोषणा गराउनु पर्नेछ ।

(१३) फर्म रजिष्ट्रेशनको प्रमाणपत्र

(१४) स्थानीय निकाय वा अन्य सरकारी निकायमा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेको प्रमाणपत्र

(१५) फर्मका साझेदार वीच भएको कबुलियतनामा

(१६) साझेदार फर्म भए आर्थिक तथा प्रशासनिक कारोवार गर्ने सम्बन्धमा दिएको अख्तियारनामा

(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



(ग) **कम्पनीको खाता**

(१) कम्पनीको नाम
(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)
(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना
(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)
(५) स्थायी लेखा नम्बर
(६) कारोवारको किसिम
(७) कार्यक्षेत्र
(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान
(९) वार्षिक अनुमानित कारोवार रकम
(१०) संचालक, कार्यकारी प्रमुख र खाता संचालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)
(११) संचालक, कार्यकारी प्रमुख र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र
(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण
(१३) विदेशी कम्पनीको सहायक कम्पनी भएमा विदेशी मुख्य कम्पनीको नाम र ठेगाना
(१४) संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको प्रबन्धपत्र र नियमावली
(१५) खाता खोल्ने र खाता सञ्चालन गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी
(१६) सञ्चालक समितिले कार्यकारी प्रमुख र अन्य अधिकृत कर्मचारीलाई आर्थिक कारोवारको सम्बन्धमा प्रदान गरेको अख्तियारी
(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**स्पष्टिकरण:**

(१) विशेष ऐन अन्तरगत स्थापना भएका संगठित संस्थाहरुको हकमा दर्ताको प्रमाणपत्र सम्बन्धी विवरण लिन अनिवार्य हुने छैन ।

(घ) **क्लब/गैरसरकारी संघ/संस्थाको खाता**

(१) क्लब तथा गैरसरकारी संघ संस्थाको नाम
(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)
(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना
(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)
(५) स्थायी लेखा नम्बर
(६) कारोवारको किसिम
(७) कार्यक्षेत्र
(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान
(९) वार्षिक अनुमानित कारोवार रकम
(१०) कार्य समितिका सदस्य, कार्यकारी प्रमुख र खाता संचालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)
(११) कार्य समितिका सदस्य, कार्यकारी प्रमुख र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण
(१३) संस्था दर्ता प्रमाणपत्रको छविचित्र
(१४) विधान
(१५) खाता खोल्ने सम्बन्धी कार्य समितिको निर्णय
(१६) खाता सञ्चालन तथा आर्थिक कारोवार सम्बन्धी अख्तियारी
(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ङ) **सहकारी संस्थाको खाता**
(१) संस्थाको नाम
(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)
(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना
(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)
(५) स्थायी लेखा नम्बर
(६) कारोवारको किसिम
(७) कार्यक्षेत्र
(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान
(९) वार्षिक अनुमानित कारोवार रकम
(१०) संचालक, कार्यकारी प्रमुख र खाता संचालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)
(११) संचालक, कार्यकारी प्रमुख र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र
(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण
(१३) संस्थाको विनियम
(१४) संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको छविचित्र
(१५) खाता खोल्ने सम्बन्धी संचालक समितिको निर्णय र आर्थिक कारोवार गर्ने सम्बन्धी अख्तियारी
(१६) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(च) **सार्वजनिक गुठी वा निजी गुठीको खाता**
(१) नाम
(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)
(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना
(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)
(५) स्थायी लेखा नम्बर
(६) कारोवारको किसिम
(७) कार्यक्षेत्र
(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान
(९) वार्षिक अनुमानित कारोवार रकम
(१०) संचालक वा व्यवस्थापन समितिका सदस्य, कार्यकारी प्रमुख र खाता संचालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)
(११) संचालक वा व्यवस्थापन समितिका सदस्य, कार्यकारी प्रमुख र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण
(१३) विधान
(१४) गुठी स्थापना सम्बन्धी भएको कबुलियतनामा
(१५) गुठी स्थापना सम्बन्धी प्रमाणपत्रको प्रमाणित छविचित्र
(१६) खाता खोल्ने सम्बन्धी सञ्चालक/व्यवस्थापन समितिको निर्णय र आर्थिक कारोवार सम्बन्धी अख्तियारी
(१७) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(छ) <u>स्कूल वा क्याम्पसको खाता</u>
(१) स्कूल वा क्याम्पसको नाम
(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)
(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना
(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)
(५) स्थायी लेखा नम्बर
(६) कारोवारको किसिम
(७) कार्यक्षेत्र
(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान
(९) वार्षिक अनुमानित कारोवार रकम
(१०) संचालक वा व्यवस्थापन समितिका सदस्य, कार्यकारी प्रमुख र खाता संचालकहरुको विवरण ( पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)
(११) संचालक वा व्यवस्थापन समितिका सदस्य, कार्यकारी प्रमुख र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र
(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण
(१३) प्रबन्धपत्र र नियमावली
(१४) संस्था स्वीकृतिको प्रमाणपत्रको प्रमाणित छविचित्र
(१५) सञ्चालक/व्यवस्थापन समितिले खाता खोल्ने सम्बन्धी गरेको निर्णय र आर्थिक कारोवार सम्बन्धी दिएको अख्तियारी
(१६) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ज) <u>अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको खाता</u>
(१) संस्थाको नाम
(२) दर्ता हुँदाको ठेगाना (जिल्ला, न.पा./गा.वि.स., वडा नं., टोल/गाँउ, घर नम्बर, टेलिफोन नं., फ्याक्स नं., इमेल ठेगाना, वेवसाइट ठेगाना)
(३) दर्ता हुँदाको ठेगाना परिवर्तन भएको भएमा परिवर्तित ठेगाना
(४) दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने कार्यालय, दर्ता मिति)
(५) स्थायी लेखा नम्बर
(६) कारोवारको किसिम
(७) कार्यक्षेत्र
(८) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान
(९) वार्षिक अनुमानित कारोवार रकम
(१०) संचालक, कार्यकारी प्रमुख, नेपालका लागि नियूक्त प्रतिनिधि वा प्रमुख र खाता संचालकहरुको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना,

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



टेलिफोन नं., मोबाईल नं., इमेल ठेगाना)

(११) संचालक, कार्यकारी प्रमुख, नेपालका लागि नियूक्त प्रतिनिधि वा प्रमुख र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो र नागरिकता वा पासपोर्टको छविचित्र

(१२) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण

(१३) समाज कल्याण परिषद् र संस्था वीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपी

(१४) नेपाल सरकारसँग कुनै सम्झौता भएको भए सो सम्झौता

(१५) सम्बन्धित देश वा सो देशको राजदूतावासको सिफारिश पत्र

(१६) संस्थाको विधान

(१७) संस्थाले खाता खोल्न दिएको अख्तियारी र आर्थिक कारोवार गर्न दिएको अख्तियारी

(१८) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(झ) <u>विदेशी व्यक्तिको खाता</u>

(१) पूरा नाम, थर

(२) विदेशको ठेगाना (स्थायी र अस्थायी)

(३) नेपालको ठेगाना

(४) पति/पत्नि, बाबु र बाजेको नाम

(५) पासपोर्ट/भिसाः

पासपोर्ट नं..........जारी गर्ने देश.......... जारी मिति...............भिसाको अवधि नाघ्ने मिति..........

(६) म्याद ननाघेको भिसाको प्रमाणित छविचित्र

(७) पासपोर्टको प्रतिलिपी

(८) कर्मचारी भए कार्यरत संस्थाको सिफारिश पत्र

(९) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय राजदुतावासको पत्र

(१०) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ञ) <u>विदेशी कम्पनीको खाता</u>

(१) कम्पनीको नाम

(२) विदेशी कम्पनीको विदेशमा रहेको मुख्य कार्यालयको ठेगाना

(३) विदेशी कम्पनीको नेपाल स्थित ठेगाना

(४) नेपाल स्थित कार्यालयको किसिम (शाखा, सम्पर्क, परियोजना वा अन्य कुनै)

(५) विदेशमा दर्ताको प्रमाणपत्र (दर्ता नं., दर्ता गर्ने देश, दर्ता गर्ने कार्यालय, दर्ता मिति)

(६) नेपालमा दर्ता भएको भए सो सम्बन्धी विवरण तथा कागजात

(७) कारोवारको किसिम

(८) कार्यक्षेत्र

(९) शाखा/कार्यालय संख्या र मुख्य-मुख्य शाखा/कार्यालयहरु रहेको स्थान

(१०) वार्षिक अनुमानित कारोवार रकम

(११) बिदेशी कम्पनी दर्ता भएको कागजात

(१२) कम्पनीको प्रबन्धपत्र, नियमावली

(१३) वैदेशिक कम्पनीले खाता खोल्न दिएको अख्तियारी तथा कारोवार गर्न दिएको अख्तियारी

(१४) वैदेशिक कम्पनीको संचालक र कार्यकारी प्रमुखको विवरण (पद, नाम, थर, ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)

(१५) नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता संचालकको विवरण (पद, नाम, थर, पति/पत्नि, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोवाईल नं., इमेल ठेगाना)

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
# बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१६) वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारी, नेपालका लागि नियुक्त गरिएको प्रतिनिधि र खाता संचालकहरुको पासपोर्ट साईजको फोटो, नागरिकता वा पासपोर्टको छविचित्र र ती व्यक्तिहरुको ठेगाना पुष्टी हुने कागजात
(१७) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण
(१८) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ट) <u>कुटनैतिक नियोग/राजदुतावासको खाता</u>
(१) नियोग/राजदुतावासको पत्र
(२) खाता सञ्चालन सम्बन्धी अख्तियारी
(३) खाता सञ्चालकको नाम, थर, ठेगाना, फोटो तथा ठेगाना प्रमाणित हुने कागजात
(४) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

(ठ) <u>गैरआवासीय नेपाली नागरिकको खाता</u>
(१) पूरा नाम, थर, ठेगाना
(२) बाबु र बाजेको नाम
(३) श्रीमान्/श्रीमतीको नाम
(४) आय स्रोत खुल्ने कागजातहरु
(५) नेपाल सरकारको सम्बन्धित निकायबाट जारी गैरआवासीय नेपाली परिचय पत्रको छविचित्र
(६) पासपोर्टको प्रमाणित छविचित्र
(७) नेपालको पूरा ठेगाना वा संपर्क स्थान
(८) सम्बन्धित संस्थाले आवश्यक ठानेका अन्य विवरण तथा कागजातहरु ।

**नोटः**

(१) सम्वन्धित संस्थाले आवश्यक ठानेमा निवेदक वा ग्राहकको अन्तरवार्ता समेत लिन सक्नेछ ।

(२) कुनै ग्राहकको खाताको हिताधिकारी अर्को व्यक्ति/फर्म/कम्पनी/संस्था हुने भएमा सो सम्बन्धी विवरण समेत खुलाउन लगाउनु पर्नेछ ।

(३) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतका कार्यालय वा निकायहरु, विशेष ऐन अन्तर्गत स्थापित निकाय, नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु, संयुक्त राष्ट्र संघ सो अन्तर्गतका कार्यालय तथा विशिष्टिकृत निकाय एवं अन्तर्राष्ट्रिय संस्थाहरु र विदेशी राजदुतावासहरुको हकमा खाता संचालकहरुको मात्र व्यक्तिगत विवरण पेश गर्न लगाई खाता खोल्न सकिने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
# बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची - १९.२

बैंक तथा वित्तीय संस्थामा ऋणको लागि निवेदन दिंदा खुलाउनुपर्ने बिबरणको ढाँचा

मितिः ....................

(रु. हजारमा)

| ऋण लिएको अन्य बैंक/वित्तीय संस्थाको नाम | बक्यौता रकम (मिति) | म्याद नाघेको छ/छैन |
|---|---|---|
| १. ....... बैंक/वित्तीय संस्था<br>चालू पूँजी कर्जा<br>आवधिक कर्जा<br>अन्य कर्जा<br>गैरकोषमा आधारित सुविधा | | |
| जम्मा | | |
| २. ....... बैंक/वित्तीय संस्था<br>चालू पूँजी कर्जा<br>आवधिक कर्जा<br>अन्य कर्जा<br>गैरकोषमा आधारित सुविधा | | |
| जम्मा | | |
| कुल जम्मा | | |

उपरोक्त बमोजिम म/हामीले घोषणा गरेको विवरण ठीक छ झुट्टा ठहरे कानुन बमोजिम कारवाही भएमा मञ्जुरी छ भनी सही गर्नेः

अधिकार प्राप्त अधिकारीको दस्तखतः

व्यक्तिको नाम/फर्म, कम्पनी र संस्थाको नाम र छापः

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची –१९.३

### Threshold Transaction Report (TTR) Form for Banks and Financial Institutions

Name of Reporting Institution:

| S.N. | Name and address of the person holding account (including legal) | Branch | Date of Transaction | Nature of Transaction | Account Type and No. | Amount Involved | Source of Fund | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Signature :
(Compliance Officer or authorized officer)
Name :
Designation :
Phone :
Email :
Fax :
Date :

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची -१९.४

Suspicious Transaction Report (STR) Form for Banks and Financial Institutions

**A. Reporting Institution :**

1. Name of the Institution/Branch: ____

**B. Details of Customer :**

1. 1. Name of the account holder/s/customer: ____
2. Address: ____
3. Profession(if applicable): ____
4. Nationality(if applicable): ____
5. Other account(s) number (if any): ____
6. Other business (if nay): ____
7. Father/Mother's name (if applicable): ____
8. Date of birth/establishment: ____

**C. Account/Transaction Details :**

1. Account Number/Transaction: ____
2. Nature of the account/transaction*: (Current/savings/loan/other, pls. specify) ____
3. Nature of ownership: (Individual/proprietorship /partnership/company/other, pls. specify) ____
4. Date of opening/transaction: ____
5. Other account(s) number/transaction (if any): ____
6. Amount: ____
7. Others: ____

**Cash/Transfer/Clearing/TT/etc.* Add paper if necessary

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

**D. Reasons for considering the transaction(s) as unusual/suspicious?**

a. ☐ Identity of clients
b. ☐ Activity in account
c. ☐ Background of client
d. ☐ Multiple accounts
e. ☐ Nature of transaction
f. ☐ Value of transaction
g. ☐ Other reason (Pls. Specify)

*(Mention summery of suspicion and consequence of events)*

**E. Suspicious Activity Information**
Summary characterization of suspicious activity:

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| a. | ☐ | Corruption/Gratuity | e. | ☐ | False statement | h. | ☐ | Structuring |
| b. | ☐ | Cheque fraud | f. | ☐ | E or wire frauds (debit/credit or other card) | i. | ☐ | Mysterious Disappearance/behavior |
| c. | ☐ | Tax evasion | g. | ☐ | Identity Theft | j. | ☐ | Counterfeit instrument |
| d. | ☐ | Loan fraud | h. | ☐ | Terrorist Financing | k. | ☐ | Misuse of Position or Self |

**F. Has the suspicious transaction/activity had a material impact on or otherwise affected the financial soundness of the bank/fI?** Yes ☐ No ☐

**G. Has the bank/FI taken any action in this context? If yes, give details.**

Signature (Compliance Officer or authorized officer) :
Name : Date:
Phone : Email: Fax:

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची -१९.५

Internal Record Form of STR Submission for Banks and Financial Institutions

Name of Reporting Institution:

| S.N. | Name and address of the person holding account (including legal) | Branch | Date of Transaction | Nature of Transaction | Amount | Reasons to be suspicious | Rem. | Signature |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

Signature :
(Compliance Officer or authorized officer)
Name :
Designation :
Phone :
Email :
Fax :
Date :